# त्रियुगा प्रज्ञा प्रतिष्ठान ऐन, २०८१

**प्रस्तावना** : नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हुनाले यहाँ अनेक ज्ञानका भण्डारहरू, जातजाति, भाषाभाषी र कलाकौशलहरू छन् र तिनको संरक्षण, संवर्द्धन एवम् विकास गरेर तिनलाई समुन्नत बनाउने महत्त्वपूर्ण औजार भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधि जस्ता यावत् पक्षको समुचित विकास गर्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रियुगा नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

१) यस ऐनको नाम **'त्रियुगा प्रज्ञा प्रतिष्ठान ऐन, २०८१'** रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क) **'नगरपालिका'** भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनु पर्दछ।

ख) **'प्रमुख'** भन्नाले त्रियुगा नगर प्रमुखलाई सम्झनु पर्दछ।

ग) **'उप–प्रमुख'** भन्नाले त्रियुगा नगर उप–प्रमुखलाई सम्झनु पर्दछ।

घ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) **'कार्य समिति'** भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

च) **'परिषद्'** भन्नाले दफा ७ बमोजिम गठित परिषद् सम्झनु पर्दछ।

छ) **'प्रतिष्ठान'** भन्नाले त्रियुगा प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

ज) **'भाषा'** भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ।

झ) **'कला'** भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला ललितकला लगायतका सृजनालाई सम्झनु पर्दछ।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

ञ) **'साहित्य'** भन्नाले राष्ट्रका हरेक भाषाका गद्य पद्यमा सृजित विविध विधा, श्रव्य, दृश्य, लिखित एवं मौखिक लोकवार्ता समेतलाई सम्झनु पर्दछ।

ट) **'रांस्कृति'** भन्नाले नेपाली संस्कृतिका विविध पक्षलांई सम्झनु पर्दछ।

ठ) **'अध्यक्ष'** भन्नाले प्रतिष्ठानका अध्यक्ष सम्झनु पर्दछ।

ड) **'उपाध्यक्ष'** भन्नाले प्रतिष्ठानका उपाध्यक्ष सम्झनु पर्दछ।

ढ) **'सचिव'** भन्नाले प्रतिष्ठानका सदस्य सचिव सम्झनु पर्दछ।

ण) **'पदाधिकारी'** भन्नाले प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सचिवलाई सम्झनु पर्दछ।

त) **'तोकिएका वा तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद २

## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापना :**

१) नगरपालिका क्षेत्रभित्रका बौद्धिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, संवर्द्धन, प्रोत्साहन तथा विकास गर्न आवश्यक भएकोले यस ऐनमा व्यवस्था भए बमोजिम प्रतिष्ठानको स्थापना गरिएको छ।

२) प्रतिष्ठानको कार्यालय त्रियुगा नगरपालिकामा रहने छ।

३) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ।

४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा अन्य कुनै व्यवस्था गर्न कार्यपालिकाले सिफारिस गरे बमोजिम हुनेछ,

५) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ।

**४. प्रतिष्ठानका काम, कर्तव्य र अधिकार :**

१) प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

ख) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको सङ्कलन, संरक्षण, संवर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

ग) प्रतिष्ठानका क्षेत्राधिकार भित्रका अनुसन्धानात्मक तथा मौलिक कृति सङ्कलन सृजना तथा प्रकाशन गर्ने,

घ) बौद्धिक बैङ्क, ग्यालेरी तथा सङ्ग्रहालय स्थापना र तोकिए बमोजिम सञ्चालन गर्ने,

ङ) बौद्धिक बैङ्कमा जम्मा भएका बौद्धिक सम्पत्तिहरूका आधिकारिकताका लागि प्रचलित कानून बमोजिम व्यवस्था गर्ने,

च) खण्ड (ख), (ग) र (घ) का क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई तोकिए बमोजिम कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,

छ) त्रियुगा पुस्तकालय सञ्चालन गर्ने र यसको सञ्चालन प्रक्रिया तोकिए बमोज़िम हुने।

च) खण्ड (ख) र (घ) को प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न विद्वत्वृत्तिको व्यवस्था गर्न सक्ने,

छ) प्रशिक्षण तथा बौद्धिक विकासका कार्यक्रम गर्ने,

ज) खण्ड (ख) र (घ) अनुसारका कार्यको माध्यमबाट स्थानीय तह, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने,

ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता, अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,

ट) यस अनुसारका अन्य सङ्घ-संस्थासँग नगरपालिकाको समन्वय र सिफारिसमा भाइचारा सम्बन्ध स्थापना र बिस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने,

ठ) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने,

ड) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमका अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने,

ढ) कार्यपालिकाको निर्देशन पालना गर्ने।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

## परिच्छेद ३

## साङ्गठनिक स्वरूप र गठन प्रक्रिया

**५. प्रतिष्ठानको साङ्गठनिक स्वरूप :** प्रतिष्ठानको साङ्गठनिक स्वरूप देहाय बमोजिमको हुनेछ :

क) परिषद्

ख) कार्यसमिति

**६. सिफारिस समितिको गठन :**

१) प्रतिष्ठानको कार्यसमिति, परिषद्का पदाधिकारी र सदस्यहरूको मनोनयन गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिने छ :

क) कार्यपालिकाले तोकेको व्यक्ति – संयोजक

ख) कार्यपालिकाले तोकेका कार्यपालिका सदस्यमध्येबाट ३ जना – सदस्य

ग) भाषा, साहित्य, कला संस्कृति, ज्ञान, विज्ञान प्रविधिका क्षेत्रमा ख्याति प्राप्त व्यक्तिमध्ये नगर प्रमुखको सिफारिसमा कार्यपालिकाले तोकेका व्यक्ति १ जना - सदस्य

२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्याति प्राप्त, उच्च नैतिकवान व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

३) समितिले सिफारिस गर्दा समावेशितालाई समेत आधार लिनु पर्ने र कम्तीमा २५% सदस्य गठन प्रक्रिया सुरु हुनुभन्दा अघिको परिषद्का सदस्यहरूबाट गर्न सक्ने छ।

४) सिफारिस समितिले कार्यसमितिका पदाधिकारी तथा सदस्यको मनोनयनका लागि देहाय बमोजिम सिफारिस गर्नु पर्नेछ।

क) अध्यक्षका लागि १ जना

ख) उपाध्यक्षका लागि १ जना

ग) सदस्य सचिवका लागि १ जना

घ) कार्यसमिति सदस्यका लागि ६ जना

५) परिषद्का सदस्यका लागि १३ जना।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

६) उपदफा (१) बमोजिमका समितिले परिषद्का पदाधिकारी र सदस्य पदमा मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७) उपनियम (३) र (४) अनुसारका व्यक्तिको नाम १५ दिनभित्र कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ तर सो म्यादभित्र सिफारिस समितिबाट सिफारिस भई नआएमा कार्य समिति र परिषद् गठन हुन बाधा परेमा कार्यपालिकाले गठन गर्न सक्नेछ।

**७. परिषद्को गठन :**

१) प्रतिष्ठानमा पदाधिकारी सहित बढीमा २७ जनाको परिषद् रहने छ।

२) उपदफा (१) बमोजिमका परिषदमा जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति, विज्ञान प्रविधि एवम् महिला समेतको प्रतिनिधित्व हुने गरी १३ जना सदस्यहरू सिफारिस समितिको सिफारिसमा कार्यपालिकाद्वारा मनोनयन गरिने छ।

३) नगर प्रमुखको सिफारिसमा कार्यपालिकाद्वारा ५ जना मनोनयन गरिनेछ।

४) कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव पदेन अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव रहने छन् र सदस्यहरू पदेन सदस्य रहने छन्।

५) परिषद्का पदाधिकारी र सदस्यहरूका पदावधि ३ वर्षको हुनेछ र पटक-पटक गरी गठन भएमा सुरु गठनबाट अवधि गणना हुनेछ।

६) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि प्रज्ञा परिषद्को सिफारिसमा कार्यपालिकाद्वारा मनोनीत गरिने छ।

७) कार्यसमिति र परिषद् सदस्यहरूका सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**८. परिषद्को काम, कर्तव्य र अधिकार :** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) नीति निर्धारण गर्ने,

ख) वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

ग) वार्षिक बजेट पारित गर्ने,

घ) लेखनवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

ङ) कार्यसमितिलाई सुझाव र सहजीकरण गर्ने,

च) संस्थाका हितका अन्य कार्य गर्ने।

**९. परिषद्को बैठक सम्बन्धी व्यवस्था :**



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

१) परिषद्को बैठक वर्षमा दुई पटक बस्ने छ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्ने छ।

३) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितका सूचना सदस्य सचिवले कम्तीमा ५ दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ।

४) परिषदमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको ५१% सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

५) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

७) परिषद् बैठकको निर्णय सदस्य सचिवले अध्यक्षबाट प्रमाणित गराइ सुरक्षित राख्नु पर्नेछ।

८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद ४

## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१०. कार्य समितिको गठन :**

१) प्रतिष्ठानको दैनिक कार्य सञ्चालन गर्न सिफारिस समितिको सिफारिस बमोजिम कार्यपालिकाले देहाय बमोजिमको कार्य समिति गठन गर्नेछ।

क) अध्यक्ष – १ जना

ख) उपाध्यक्ष – १ जना

ग) सदस्य सचिव – १ जना

घ) सदस्य – ६ जना

२) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि परिषदका सदस्य मध्ये कुनै अर्को व्यक्तिलाई कार्यपालिकाद्वारा मनोनीत गरिनेछ।

**११. कार्य समितिको काम कर्तव्य र अधिकार :**

१) कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

क) परिषद्ले गरेको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने।

ख) लेखा परीक्षणका प्रतिवेदन बैठकबाट पारित गराई सभा समक्ष पेस गर्ने,

ग) सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेस गर्ने,

घ) प्रतिष्ठानका चलअचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने,

ङ) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

च) कार्यसमितिले काम कारबाहीलाई व्यवस्थित बनाउनका लागि बढीमा ५ वटा विभाग गठन गर्न सक्ने छ।

छ) कार्य समितिले आवश्यकतानुसार उपसमिति र कार्यदल गठन गर्न सक्ने छ।

ज) कार्य समितिले विभाग, उपसमिति वा कार्यदलका काम, कर्तव्य र अधिकार तोक्नेछ,

झ) एउटा विभागमा रहेको व्यक्ति अर्को विभागमा रहन पाउने छैन र विभाग अन्तर्गत गठित उपसमितिमा समितिका पदाधिकारी रहने छैनन् तर कुनै निश्चित कामका लागि गठन हुने कार्यदलमा भने पदाधिकारी रहन वाधा पर्ने छैन।

ञ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१२. **अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) परिषद् र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

ख) परिषद् र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने

ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने।

घ) नगरपालिका, अन्य पालिका, सङ्घ संस्था, समिति तथा उप समितिहरूसँग समन्वय र सहकार्य गर्ने,

ङ) कार्य समितिको स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

च) सङ्घीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

**१३. उपाध्यक्षका काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायको बमोजिम हुनेछ,

क) कार्यसमिति र परिषद्को बैठकमा उपस्थित हुने,

ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

ग) परिषद् र कार्य समितिले गरेका निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

ङ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

**१४. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) अध्यक्षको अनुमतिमा बैठक बोलाउने,

ख) संस्थाका हिसाब किताब दुरुस्त राख्ने,

ग) संस्थाका निर्णयहरू सदस्यहरूलाई जानकारी गराउने,

घ) कार्यालय व्यवस्थापन गर्ने,

ङ) बैठकका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

च) सम्पर्क व्यक्तिका रूपमा कामकाज गर्ने,

छ) अध्यक्ष तथा समितिले तोकेका कार्य गर्ने,

ज) संस्थाका सम्पूर्ण अभिलेख अद्यावधिक गर्ने।

**१५. सदस्यहरूको काम, कर्तव्य र अधिकार :** सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) बैठकमा उपस्थित भई छलफल र निर्णयमा सहभागी हुने,



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

ग) अध्यक्ष, उपाध्यक्ष तथा सचिवको कार्यमा सहयोग गर्ने,

घ) आफूलाई जिम्मा दिइएका अन्य कामहरू गर्ने,

**१६. कार्य समितिको बैठक :**

१) कार्यसमितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

२) कार्य समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३) कार्य समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितका सूचना सदस्य सचिवले सम्पूर्ण सदस्यहरूलाई दिनु पर्ने छ।

४) कार्य समितिमा तत्काल कायम रहेको सदस्य सङ्ख्याका ५१% सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

६) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराइ सचिवले सुरक्षित राख्नेछ।

८) बैठक सम्बन्धी अन्य कार्यविधि समितिंले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद – ५

## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

**१७. पद रिक्त हुने अवस्था** : देहायका अवस्थामा पदाधिकारी वा सदस्यहरूको पद रिक्त हुनेछ,

क) पदावधि समाप्त भएमा,

ख) राजीनामा दिई स्वीकृत भएमा,

ग) मानसिक सन्तुलन ठीक नभएको सम्वन्धित निकायबाट प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

ङ) दफा २२ अनुसार पदबाट हटेमा वा मृत्यु भएमा।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

**१८. पदबाट हटाउन सक्ने :**

१) पदाधिकारी, कार्यसमिति सदस्य वा परिषद्का सदस्यले यस ऐन बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाइ परिषदमा तत्काल कायम रहेको कम्तीमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले आफ्नो राय सहित नगर प्रमुख मा पेस गर्नु पर्ने छ।

२) नगर प्रमुखबाट छानबिन गरी मनासिब देखिएमा नगर प्रमुखद्वारा मनोनीतलाई नगर प्रमुखले र अन्यलाई कार्यपालिकाले पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका प्रदान गरिनेछ।

३) ६ महिनासम्म बैठक बस्न नसंकी समिति निष्क्रिय रहेमा प्रमुखले आवश्यक छानबिन गरी समिति विगठन गरी नयाँ समिति गठनका लागि कार्य पालिकामा प्रस्ताव पेस गर्न सक्नेछ।

४) उपनियम (३) बमोजिमका प्रस्ताव कार्यपालिकालाई मनासिब लागेमा कार्य समिति र परिषद् भङ्ग गरी यस ऐन बमोजिम नयाँ कार्य समिति र परिषद् गठन प्रक्रिया अगाडि बढाउनु पर्ने छ।

**१९. राजीनामा सम्बन्धी व्यवस्था :**

१) अध्यक्षले नगर प्रमुख समक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत नगर प्रमुख समक्ष राजीनामा दिन सक्नेछ।

२) अध्यक्षले पदाधिकारी वा सदस्यका राजीनामा नगर प्रमुख समक्ष पेस गर्नेछ।

३) नगर प्रमुखले मनोनीत सदस्यको राजीनामा स्वीकृत गर्नेछ।

४) कार्यपालिकाद्वारा नियुक्त पदाधिकारी र सदस्यको राजीनामा नगर प्रमुखले आफ्नो राय सहित कार्यपालिकामा पेस गर्ने छ।

५) कार्यपालिकाले प्राप्त राजीनामाहरू स्वीकृत गर्न सक्नेछ।

## परिच्छेद – ६

## कोष तथा लेखापरीक्षण

**२०. कोष सम्बन्धी व्यवस्था :**

१) प्रतिष्ठानका एउटा छुट्टै कोष रहनेछ,



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

२) उपदफा (१) बमोजिमका कोषमा देहायका रकमहरू रहने छन्,

क) नगरपालिकाबाट प्राप्त रकम,

ख) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी सङ्घ संस्था र व्यक्तिबाट प्राप्त रकम,

घ) विदेशी सङ्घ संस्था र व्यक्तिबाट प्राप्त रकम,

ङ) व्याजबाट प्राप्त रकम,

च) अन्य स्रोतबाट प्राप्त रकम।

३) उपदफा (२) खण्ड (घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानुन बमोजिम हुनेछ,

४) कोषका रकम बैङ्क मार्फत सञ्चालन गरिनेछ,

५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ,

**२१. लेखा र लेखा परीक्षण :**

१) आय-व्ययका लेखा प्रचलित कानून बमोजिम हुनेछ,

२) प्रतिष्ठानका लेखापरीक्षण नगरपालिकाले गराउने छ,

## परिच्छेद –७

## विविध

**२२. संरक्षक सम्बन्धी व्यवस्था :** नगर प्रमुख संस्थाको संरक्षक रहने छ।

**२३. कर्मचारी सम्बन्धी व्यवस्था :**

१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछन्।

२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति त्रियुगा नगरपालिकाले गर्नेछ र पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू नगरपालिकाले तोके बमोजिम हुनेछ।

**२४. शपथ सम्बन्धी व्यवस्था :**

१) आफ्नो पद भार ग्रहण गर्न अघि पदाधिकारी र सदस्यहरूले अनुसूची–१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२) कार्य समितिका अध्यक्षले नगर प्रमुखबाट शपथ लिनु पर्नेछ।

३) अन्य पदाधिकारी र सदस्यहरूले प्रमुखका उपस्थितिमा अध्यक्षबाट शपथ लिनु पर्नेछ।

**२५. प्रतीक चिन्ह र छाप** : प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची २ बमोजिमका हुनेछ।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

**२६. नियम बनाउने अधिकार :**

१) यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम, कार्यविधि बनाउनेछ।

२) समितिले आफ्नो आचार संहिता आफैं बनाइ लागू गर्न सक्ने छ।

**२७. खारेजी र बचाउ :**

१) यो ऐन लागू हुनु भन्दा अघि भएको संस्थाका विधान २०८१ ऐन लागू भएपछि स्वतः खारेज हुनेछ।.

२) यो ऐन लागू हुनु अघि भए गरेको काम यसै बमोजिम भए, गरेको मानिने छ।

२८. समयानुकूल र आवश्यकता अनुसार ऐन संशोधन गर्न सकिन्छ। संशोधन प्रचलित कानुन बमोजिम हुनेछ।



प्रमाणित गर्ने नगर प्रमुख
बसन्त कुमार बस्नेत, नगर प्रमुख

## अनुसूची १

### दफा २४ का उपदफा (१) सँग सम्बन्धित

### शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि त्रियुगा प्रज्ञा प्रतिष्ठानका ...................... नाताले म ...................................... मलाई दिएका जिम्मेवारी इमानदारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, संवर्द्धन, सङ्कलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालचा तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्ना क्षेत्रमा देश र जनताका सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थर :

पद :

दस्तखत :

मिति :



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

## अनुसूची २
(दफा २५ सँग सम्बन्धित)

### संस्थाको छाप र चिन्ह

१. गोलाकार चिन्ह भित्र षट्कोण,

२. षट्कोणका वरिपरि नेपाली भाषामा, त्रियुगा प्रज्ञा प्रतिष्ठान, गाईघाट, उदयपुर, कोशी प्रदेश र अङ्ग्रेजी भाषामा Triyuga Academy, Gaighat, Udayapur, Koshi Province लेखिएको हुनेछ।

३. पुछारमा स्था. २०८१ र अङ्ग्रेजीमा Estd. 2025 AD लेखिएको हुनेछ।

४. षट्कोणको बीचमा खुला कापीमा चार तिरबाट एक-एक वटा हातले कलम समाएर लेखिरहेको चिन्ह हुनेछ।

प्रमाणित गर्ने
नगर प्रमुख
वसन्त कुमार बस्नेत, नगर प्रमुख



CamScanner